परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी यादवलाई समाचार पृष्ठ ४ मा ...

•वर्ष २ •अंक १२५ •२०८० असोज १८ गते बिहिबार • (5-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com

# सुशासन, समृद्धि र सामाजिक न्यायका लागि राष्ट्रिय एकता जरुरी : गृहमन्त्री श्रेष्ठ

■ टक नेपाल



बर्दिबास। गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासन, समृद्धि र सामाजिक न्यायका लागि तीनै तहका सरकार मिलेर राष्ट्रिय एकता तथा संविधानको रक्षाका लागि जुट्नु पर्ने आवश्यकतामा जोड दिनु भएको छ । गृहमन्त्री श्रेष्ठले गृह मन्त्रालयले बुधबार मधेश प्रदेशको महोत्तरी जिल्लाको बर्दिबासमा आयोजना गरेको मधेश प्रदेश स्तरीय सुरक्षा बैठकमा बोल्दै विविधता बीचको एकता कायम गर्दै संविधानले अङ्गीकार गरेको मूल्य र मान्यताको कार्यान्वयन गर्नु अहिलेको कार्यभार भएको बताउनु भयो । उहाँले अहिले जातीय तथा धार्मिक मुद्दाको सृजना गरेर जनताको बलिदानबाट प्राप्त भएको संविधान सहितको परिवर्तनलाई उल्टाउन खोज्ने शक्तिसँग सावधान हुँदै राष्ट्रिय एकता कायम गर्दै परास्त गर्नका लागि सबै दल मिल्नुको कुनै विकल्प नभएको बताउनु भयो । गृहमन्त्री श्रेष्ठले विविधता बीचको एकतालाई बलियो बनाउँदै राष्ट्रिय एकतालाई बलियो बनाएको खण्डमा मुलुक आफै समृद्धिको बाटोमा अग्रसर हुने बताउनुभयो । उहाँले कानूनको खिलाफ गर्ने माथि गृहमन्त्रालयले कडा कारबाही गर्नका लागि तयार भएको बताउँदै कानून तथा विधिको शासनभन्दा माथि कोही नभएको बताउनु भयो । गृहमन्त्री श्रेष्ठले राजनीतिक उपलब्धिलाई समाप्त गर्नका लागि भइरहेको षड्यन्त्रको विरुद्धमा परिवर्तनकारी शक्तिहरू एक ठाउँमा आउनुको कुनै विकल्प नभएकाले नै प्रदेश स्तरीय सर्वदलीय तथा सर्वपक्षीय बैठक तथा अन्तरक्रिया गर्न लगाएको बताउनु भयो । उहाँले यस अघि देशका चारै सुरक्षा अङ्गका प्रमुखहरूको सहभागितामा वर्तमान अवस्थाको विषयमा बृहत् समीक्षा, विश्लेषण गर्दै यसबाट आउने चुनौती तथा समाधानको विषयमा बृहत् छलफल भएको बताउनु भयो । महेश प्रदेशका कार्यवाहक मुख्यमन्त्री कृष्ण प्रसाद यादवले शान्ति तथा समृद्धिको बाटोमा मुलुकलाई लानका लागि संविधानले उल्लेख गरेको अधिकारहरू प्रदेशलाई हस्तान्तरण गर्नमा ढिलाइ गर्न नहुने बताउनु भयो । मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री मोहम्मद समीमले प्रहरी तथा निजामती ऐनलाई तत्काल पारित गर्नका लागि आग्रह गर्दै प्रदेशलाई बलियो नबनाएसम्म सघीयताको कुनै अर्थ नहुने बताउनु भयो । मधेश प्रदेशका शिक्षा तथा समाज कल्याणमन्त्री महेश प्रसाद यादवले राष्ट्र सेवक कर्मचारीले आफ्नो कर्तव्य र अधिकार इमानदारीपूर्वक पुरा गरेको खण्डमा धेरै समस्याको समाधान हुने बताउनु भयो । गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले धार्मिक सद्भाव र एकता नेपालीहरूको विशिष्टता भएकाले यसमा कही कतै बाट खलल गर्ने काम हुनु गलत रहेको बताउनु भयो । कार्यक्रममा विभिन्न राजनीतिक दलका पदाधिकारीहरू, पत्रकार, नागरिक समाज, उद्योगी व्यवसायीहरूको सहभागिता रहनु भएको प्रदेश स्तरीय समीक्षामा विभिन्न धर्मका धर्मगुरुहरूले अहिले देखिएको समस्या र समाधानको विषयमा ध्यानाकर्षण गर्नु भएको थियो । प्रदेश स्तरीय सुरक्षा बैठक तथा बृहत् समीक्षामा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक बसन्त कुँवर, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका ओमप्रकाश जोशीको सहभागिता रहेको थियो ।

# बर्दिबास अस्पतालमा शव परीक्षण सेवा सञ्चालन

■ रवीन्द्र उप्रेती



बर्दिबास । बर्दिबास नगर पालिकाको लामो प्रयासपछि बर्दिबास अस्पतालमा शव परीक्षण (पोष्टमार्टम) सेवा सुरु भएको छ। सवारी दुर्घटनामा मृत्यु भएको बर्दिबास-३ गौरीडाँडाका ५२ वर्षीय काजी कार्कीको पहिलो शव परीक्षण गरी बुधवारदेखि यो सेवा सुरु भएको हो । बर्दिबासमा पोष्टमार्टम सेवा सुरु भएपछि महोत्तरीको उत्तरी भेगका गौशाला, औरही, भंगाहा सीतापुर, सोनमा, समसी र धनुषा जिल्लाको मिथिला नगर पालिकासहित सात स्थानीय तहका नागरिक लाभान्वित हुने विश्वास गरिएको छ । यसअघि शव परीक्षण सेवा महोत्तरी सदरमुकाम जलेश्वर अस्पतालमा मात्र थियो। जसका कारण पोष्टमार्टमकै लागि ७० किमी टाढा रहेको जलेश्वर जानु पर्ने बाध्यताले मृतकका शोकाकुल परिवार थप झन्झट र समस्या बेहोर्नु परेको थियो। शव परीक्षण सेवा शुभारम्भ कार्यक्रमलाई अस्पताल परिसरमा बुधवार सम्बोधन गर्दै नगर प्रमुख क्षेत्रीले बर्दिबास अस्पतालमा पोष्टमार्टम सेवा थपिएपछि अब शव बोकेर जलेश्वर र जनकपुर जानु पर्ने बाध्यताको अन्त्य भएको बताउनुभयो । उहाँले जिल्लामा सदरमुकाम बाहिरका अस्पतालमा पहिलो पटक सुरु भएको यो सेवाले जनतालाई सुविधा प्रदान गर्नुका साथै मानवता र मानवीय संवेदनाको समेत सम्मान भएको बताउनुभयो । 'शव परीक्षण सेवालाई सहज र सुरक्षित बनाउन अस्पताल परिसरमा प्रहरी क्वार्टर निर्माणका साथै विद्युत अनियमितता निराकरणका लागि छुट्टै ट्रान्सफर्मर राख्ने पहल पनि भइरहेको छ' नगरप्रमुख क्षेत्रीले भन्नुभयो । बर्दिबास अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयनारायण फूयालका अनुसार झण्डै वर्ष दिन लामो प्रयासपछि यो सेवा सुरु गरिएको बताउनुभयो । उहाँकाअनुसार पोष्टमार्टमका लागि पूर्वाधार संरचना तयार गर्न समितिले १० लाखभन्दा बढी रुपियाँ खर्च गरेको छ । नेपाल सरकारले क्लिनिकल मेडिकल लिगल परीक्षण सेवा सञ्चालनका लागि अनुमति प्रदान गरेपछि बर्दिबास अस्पतालमा पोष्टमार्टम सेवा सुरु गरिएको अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा कृष्णा महर्जनले बताउनुभयो । बर्दिबास अस्पतालका डा अशोककुमार साह तथा डा विवेक दासले पहिलो पोष्टमार्टम गरेपछि अस्पताल प्रशासनले औपचारिक रूपमा यो सेवा सुचारु भएको जानकारी गराएको थियो ।






# बर्दिबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दिबास,महोत्तरी (मधेश प्रदेश)

## प्रथम पटक प्रकाशित मिति २०८०/०६/१७

बर्दिबास नगरपालिका नगरकार्यालयको कार्यालय बर्दिबास नगरपालिका अन्तर्गत वडा नं. १ र १४ मा निर्माण गर्न प्रस्ताव गरिएको नगरको गौरव योजना राम जानकी फनपार्क योजनाले चर्चेको क्षेत्र भित्र पर्ने निजी तथा सार्वजनिक जग्गाहरू प्राप्त गर्नको लागि जग्गा प्राप्ती ऐनको २०३४ को दफा ५ बमोजिम प्रारम्भिक कारवाही चलाउन सम्बन्धित जग्गाधनीहरूबाट विवरण प्राप्त गरी सोही ऐनको दफा ६ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने ब्यवस्था भए बमोजिम यो सूचना प्रकाशन भएको ३५ दिन भित्र तपशीलमा उल्लेखित जग्गाधनीहरूले तपशीलमा उल्लेखित जग्गाको सक्कल पुर्जा सहित निवेदन दिन हुन सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| क्र.स. | साबिक ठेगाना | वडा नं. | किता नं. | क्षेत्रफल | जग्गाधनीकोनाम, बाबुकोनाम, बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २५ न.बहादुरगंज | २(ङ) | ८८ | ०-५-० | जग्गाधनीकोनामः- गंगा राम खर्गा ,<br>बाबुको नामः- विनय कुमार खड्गा<br>बाजेको नामः- रामटहल खडगा<br>ठेगानाः-जिल्ला सिराहा माडर वडा -६ | |
| २. | २५ न.बहादुरगंज | २(ङ) | ८९ | ०-५-० | जग्गाधनीकोनामः- बिनोद पौडेल<br>बाबुको नामः- योजराज पौडेल<br>बाजेको नामः- नोर प्रसाद पौडेल<br>ठेगानाः-जिल्ला झापा चन्द्रगढि-१ | |
| ३. | २५ न.बहादुरगंज | २(ङ) | ९० | ०-२-४ | जग्गाधनीकोनामः-सन्जूकुमारी रजक, योगनारायण रजक<br>बाबुको नामः- शिवशंकर, मौजे रजक<br>बाजेको नामः- विक्रमरजक, प्रयाग रजक<br>ठेगानाः-जिल्लाःधनुषा मिथिलेश्वर निकास-८, सुगानिकास -२ | |
| ४. | २५ न.बहादुरगंज | २(ङ) | १२६ | ०-१-० | जग्गाधनीकोनामः-विमला कुमारी लम्साल<br>बाबुको नामः- जीवनाथ दुलाल<br>बाजेको नामः- पुश्फ़ लाल लम्साल<br>ठेगानाः-जिल्ला सिराहा बिष्णुपुर महिसोठ -५ | |
| ५. | २५ न.बहादुरगंज | २(ङ) | १२८ | ०-१-० | जग्गाधनीकोनामः-श्रीमती रेण जयसवाल<br>पतिको नामः-रामबाबु रमण जयसवाल<br>ससुराको नामः- कृष्ण प्रसाद जयसवाल<br>ठेगानाः-जिल्ला धनुषा सोनिगामा -३ | |
| ६. | २५ न.बहादुरगंज | २(ङ) | १२९ | ०-०-५ | जग्गाधनीकोनामः- बिना कुमारी साह<br>बाबुको नामः- मदन प्रसाद साह<br>बाजेको नामः- महेन्द्र प्रसाद साह<br>ठेगानाः-जिल्ला धनुषा जनकपुर न.पा.-२ | |
| | | | १४२ | ०-०-७ | | |
| | | | १४३ | ०-०-३ | | |
| | | | ९१ | ०-३-५ | | |
| | | | १४० | ०-०-८ | | |
| | | | १४१ | ०-०-३ | | |
| | | | ११७ | ०-२-१० | | |
| | | | ११८ | ०-०-१० | | |
| | | | १५५ | ०-२-५ | | |
| | | | १५७ | ०-१-५ | | |
| | | | ११४ | ०-३-० | | |
| | | | १३० | ०-०-१५ | | |
| | | | १३२ | ०-०-३ | | |
| | | | १०६ | ०-१०-१० | | |
| | | | १४७ | ०-०-१० | | |
| ७. | २५ न.बहादुरगंज | २(ङ) | १२३ | ०-०-१० | जग्गाधनीकोनामः- जिबछी देबी<br>बाबुको नामः- जदुन्दनसाह<br>बाजेको नामः- लखन साह तेली<br>ठेगानाः-जिल्ला महोत्तरी भटौलिया -५ | |
| ८. | २५ न.बहादुरगंज | २(ङ) | १३३ | ०-०-१० | जग्गाधनीकोनामः- गौरी देबी<br>बाबुको नामः- लक्ष्मण मण्डल<br>बाजेको नामः- सिया सरण मण्डल<br>ठेगानाः-जिल्ला महोत्तरी भटौलिया -५ | |
| ९. | २५ न.बहादुरगंज | २(ङ) | १३४ | ०-०-१० | जग्गाधनीकोनामः-रघुवीर साह<br>बाबुको नामः- यदुनंदन साह<br>बाजेको नामः- भिखारी साह<br>ठेगानाः-जिल्ला धनुषा सोनिगामा -६ | |
| १०. | २५ न.बहादुरगंज | २(ङ) | १३५ | ०-०-१० | जग्गाधनीकोनामः- नीरस कुमार साह<br>बाबुको नामः- जिया साहू<br>बाजेको नामः- नथुनी साह<br>ठेगानाः-जिल्ला महोत्तरी भटौलिया -४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | २५ न.बहादुरगंज | २(ङ) | १३६ | ०-०-१० | जग्गाधनीकोनाम:- उमाशंकर प्रसाद साह<br>बाबुको नाम:- बनारसी साह तेली<br>बाजेको नाम:- राम लगन साह<br>ठेगाना:-जिल्ला महोत्तरी जलेश्वरन.पा.-४ | |
| १२. | २५ न.बहादुरगंज | २(ङ) | १३७ | ०-१-० | जग्गाधनीकोनाम:-इला कुमारी देबी<br>बाबुको नाम:- बिष्णु कुमार साह तेली<br>बाजेको नाम:- बनारसी साह<br>ठेगाना:-जिल्ला महोत्तरी जलेश्वरन.पा.-२ | |
| १३. | २५ न.बहादुरगंज | २(ङ) | ९२ | ०-१-० | जग्गाधनीकोनाम:- सन्जु कुमारी रजक<br>बाबुको नाम:- शिव शंकर रजक<br>ससुराको नाम:-विक्रम रजक<br>ठेगाना:-जिल्ला धनुषा मिथिलेश्वर -८ | |
| १४. | २५ न.बहादुरगंज | २(ङ) | ९३ | ०-१-० | जग्गाधनीकोनाम:-रामकिशोर यादब र त्रिवेणी कुमारी<br>बाबुको नाम:-बेचनयादब, रमा कान्त झा<br>बाजे,ससुराकोनाम:-असफी यादब, सुर्यकान्त झा<br>ठेगाना:-जिल्ला महोत्तरी धमौरा-४ ,सुगाभवानी पट्टी -२ | |
| १५. | २५ न.बहादुरगंज | २(ङ) | ९४ | ०-१-० | जग्गाधनीकोनाम:- मंजु देबी साह<br>पतिको नाम:- संजिव कुमार साह<br>ससुराको नाम:-राम स्वरूप साह<br>ठेगाना:-जिल्ला धनुषा मिथिलेश्वर मौवाही-१ | |
| १६. | २५ न.बहादुरगंज | २(ङ) | ९५ | ०-१-० | जग्गाधनीकोनाम:- कुमारी रुपम<br>पतिको नाम:-शिव कुमार महतो<br>ससुराको नाम:-राम स्वरूप साह<br>ठेगाना:-जिल्ला धनुषा मिथिलेश्वर मौवाही-१ | |
| १७. | २५ न.बहादुरगंज | २(ङ) | १३८ | ०-४-० | जग्गाधनीकोनाम:-परमिलादेबी साह सूडी<br>बाबुको नाम:- रानेश्वर हाथी / पति :- बिन्देश्वर साह<br>ससुराको नाम:- देब नारायण साह<br>ठेगाना:-जिल्ला धनुषा कनकपट्टी -४ | |
| १८. | २५ न.बहादुरगंज | २(ङ) | १५६ | ०-१-१० | जग्गाधनीकोनाम:- अशोक पजियार<br>बाबुको नाम:- बेचन पजियार<br>बाजेको नाम:- उत्तमी पजियार<br>ठेगाना:-जिल्ला धनुषा जनकपुर -१६ | |
| १९. | २५ न.बहादुरगंज | २(ङ) | १४८ | ०-१-७ | जग्गाधनीकोनाम:- रागिनी कुमारी यादब<br>बाबु/पतिको नाम:- नागेन्द्र यादब /अशोक कुमार यादब<br>ससुराको नाम:- राम दयाल यादब<br>ठेगाना:-जिल्ला धनुषा गीध्दा -६ | |
| २०. | २५ न.बहादुरगंज | २(ङ) | १४९ | ०-०-५.५ | जग्गाधनीकोनाम:- रागिनी कुमारी यादब<br>बाबु/पतिकोनाम:- नागेन्द्र यादब /अशोक कुमार यादब<br>ससुराको नाम:- राम दयाल यादब<br>ठेगाना:-जिल्ला धनुषा गीध्दा -६ | |
| २१. | २५ न.बहादुरगंज | २(ङ) | ९७ | ०-१-० | जग्गाधनीकोनाम:- वेबी कुमारी<br>बाबुको नाम:- प्रेम नारायण साह<br>बाजेको नाम:- बैभनाथ साह<br>ठेगाना:-जिल्ला सर्लाही गडहिया -६ | |
| २२. | २५ न.बहादुरगंज | २(ङ) | ९८ | ०-०-१० | जग्गाधनीकोनाम:- संजय यादब<br>बाबुको नाम:- राम चन्द्र यादब<br>बाजेको नाम:- बृजलला यादब<br>ठेगाना:-जिल्ला धनुषा ठेगाना नखुलेको वडा नं.-९ | |
| २३. | २५ न.बहादुरगंज | २(ङ) | ९९ | ०-०-१० | जग्गाधनीकोनाम:- फुल कुमारी<br>पतिको नाम:-राम सोगारथ महतो<br>ससुराको नाम:-महन्थ महतो सुडी<br>ठेगाना:-जिल्ला धनुषा तुल्सियाही जब्दी -४ | |
| २४. | २५ न.बहादुरगंज | २(ङ) | १०० | ०-१-० | जग्गाधनीकोनाम:- मोहनी देबी<br>पतिको नाम:-देव नारायण महतो<br>ससुराको नाम:-राम लखन महतो<br>ठेगाना:-जिल्ला धनुषा मिथिलेश्वर मौवाही -१ | |
| २५. | २५ न.बहादुरगंज | २(ङ) | १०१ | ०-०-१० | जग्गाधनीकोनाम:- किरण देबी<br>बाबुको नाम:-असेसर नायक / पति : दिनेश महतो<br>ससुराको नाम:- सरजुग महतो<br>ठेगाना:-जिल्ला धनुषा तुलसीयाही जब्दी-४ | |
| २६. | २५ न.बहादुरगंज | २(ङ) | १०२ | ०-०-१० | जग्गाधनीकोनाम:- उषा देबी<br>बाबुको नाम:-बिन्देश्वर महतो<br>ससुराको नाम:-जागेश्वर महतो<br>ठेगाना:-जिल्ला महोत्तरी बनौटा-७ | |
| २७. | २५ न.बहादुरगंज | २(ङ) | १०३ | ०-१-० | जग्गाधनीकोनाम:- बबिता देबी<br>पतिको नाम:-राज नारायण महतो<br>ससुराकोनाम:-राम सोगारथ महतो कोईरी<br>ठेगाना:-जिल्ला महोत्तरी बनौटा-७ | |
| २८. | २५ न.बहादुरगंज | २(ङ) | १४६ | ०-०-१० | जग्गाधनीकोनाम:-हैदर अलि<br>बाबुको नाम:- ईस्लाम रग्रेज<br>बाजेको नाम:- गुलजर रग्रेज<br>ठेगाना:-जिल्ला महोत्तरी जलेश्वर न.पा.-३ | |

- प्रमुख प्रशासकीय अधिकृत

# कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी यादवलाई

■ टक नेपाल

जनकपुरधाम । मधेस प्रदेशको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी कृष्णप्रसाद यादवले पाएका छन् । नेपाली कांग्रेस मधेस प्रदेशको दलका नेता समेत रहेका भौतिक पूर्वाधार मन्त्री यादवलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको हो । मुख्यमन्त्री सरोजकुमार यादवले उनलाई मधेस प्रदेश सरकार (कार्यसम्पादन), नियमावली २०८० को नियम (१४) को उपनियम (३) बमोजिम कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिएका हुन् । मुख्यमन्त्री यादव काम विशेषले प्रदेश बाहिर जानुपर्ने भएकोले कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी यादवलाई



दिइएको बुधवार जारी विज्ञप्तिमा जनाइएको छ ।

# स्वास्थ्य चौकी भरतपुरमा बर्थिंग सेन्टर एवम् ल्याब सेवाको शुभारम्भ, जग्गादातालाई सम्मान

■ बिबेक कुमार महतो

गौशाला । महोत्तरी-गौशाला नगर पालिकाको वडा नं. ११ स्वास्थ्य चौकी भरतपुरमा बुधवार देखि बर्थिंग सेन्टर एवम् ल्याब सेवाको शुभारम्भ भएको छ । गौशाला नगरपालिकाको वडा नं. ११ स्थित दिपेन्द्र बजारमा संचालित स्वास्थ्य चौकी भरतपुरमा बर्थिंग सेन्टर एवम् ल्याब सेवाको शुभारम्भ भएको हो । बर्थिंग सेन्टर एवम् ल्याब सेवाको उद्घाटन गौशाला नगर पालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतोले गरेका हुन् । नगर प्रमुख महतोले उद्घाटन समारोहलाई सम्बोधन गर्दै गाउँ कै स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा भएपछि सुत्केरी हुनका लागि अन्य ठाउँमा जानु पर्ने बाध्यताको अन्त्य भएको बताए । उनले भने, 'प्रसूति हुनका लागि लाखौं खर्च हुने गर्दथ्यो । कमजोर आर्थिक अवस्था भएका गर्भवती घरमै असुरिक्षत रुपमा बच्चा जन्माउन बाध्य थिए । घरमै सुत्केरी हुनुलाई मातृ शिशु स्वास्थ्यका हिसाबले जोखिम मानिन्छ ।'



यस बर्थिङ सेन्टरबाट वडा नं. १०, ९ र १२ लगायतका गर्भवतीहरुलाई पनि सुविधा पुग्ने जनाइएको छ । साथै उक्त अबसरमा स्वास्थ्य चौकी भरतपुरका जग्गादाता राम औतार महतोलाई नगर प्रमुख डा. दिपेन्द्र महतो, नगर उप-प्रमुख रेणु कुमारी महतो र वडा नं. ११ का वडा अध्यक्ष तथा नगरका प्रवक्ता राम पृत महतो कोईरीले दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

## बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

### कर्मचारी करार सेवामा भर्ना सम्बन्धि सूचना

प्रथम पटक प्रकाशन भएको मितिः २०८०/०६/१८ गते

यस बर्दिवास नगरपालिकाको समुदायिक स्वास्थ्यः नमूना स्थानिय तह कार्यक्रम संचालन गर्नको लागि रिक्त रहेको सामुदायिक स्वास्थ्य नर्स पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले २०८०/०७/२ गते भित्र माग बमोजिमको विवरण र राजस्वो तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

तपशिल :-

| क्र.स. | बिज्ञापन न. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०८०-८१ | सामुदायिक स्वास्थ्य नर्स | पाचौ | ३ |

१) **आवश्यक न्युनतम सामुदायिकनर्सकोयोग्यता र अनुभवः-**
(१) नेपाली नागरिक भएको हुनु पर्ने ।
(२) न्यूनतम शैक्षिक योग्यताःमान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा न्युनतम प्रवीणता प्रमाण पत्रतह उत्तीर्ण गरेको र सम्बन्धित परिषदमा दर्ता भएको ।
(३) १८ वर्षा पूरा भई ४५वर्ष ननाघेको ।
(४) नेपाल नर्सिङ परिषदमा दर्ता भएको ।
(५) अन्य प्रचलित कानुन द्वारा अयोग्य नभएको ।
(६) सम्बधित स्थानीय तहका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
२) **दरखास्त दिने स्थानः- बर्दिवास नगरपालिकाको कार्यालय, स्वास्थ्य शाखा, बर्दिवास, महोत्तरी**
३) **दखास्त दिने अन्तिम मितिः- २०८०/७/२ गते**
४) **आवेदन दस्तुरः- रु ७००/- (सात सय मात्र)**
५) **छनौटको किसिमः- लिखित र अन्तरवार्ता**
६) **आवेदन साथ संलग्न कागजातहरः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिम कागजातको प्रतिलिपिहरू**
- नागरिकता, न्यूनतम योग्यताको लब्धाक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र, सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्र
- अनुभब खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७) सेवा सुबिधाः- नेपाल सरकारले तोके वमोजिम हुनेछ ।
८) सम्पादित गर्नुपर्ने कार्यविवरणः- सामुदायिक स्वास्थ्य नर्सको कार्य विवरण सामुदायिक स्वास्थ्य नमुना स्थानीय तह कार्यक्रम निर्देशिका, २०७८ को अनुसूची ७ बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

### पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन भएको मितिः २०८०/०६/१८ गते

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढ़ीकरण आयोजना सञ्चालन गर्न यस नगरपालिकामा रिक्त रहेको फिल्ड सहायक र आप्रवासी श्रोत उप केन्द्रमा सूचना तथा परामर्शकर्ता करारमा पदपूर्ति गर्नु पर्ने भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरु बाट १५ दिन भित्र दर्खास्त आह्वान गरिएको छ ।

**तपशिल :-**

| क्र.स. | बिज्ञापन न. | पद | संख्या |
|---|---|---|---|
| | ०१/२०८०/८१ | फिल्ड सहायक | १ |
| | ०२/२०८०/८१ | सूचना तथा परामर्शकर्ता | १ |

१. **आवश्यक योग्यता र अनुभवः**
क) मान्यता प्राप्त शिक्षण संस्थान बाट कम्तीमा कीऋ / क्भ्ब् वा सो सरह उतीर्ण गरेको
ख) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
ग) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको
२. **दर्खास्त दिने अन्तिम मितिः- २०८०/०७/०३ गते**
३. **आवेदन दस्तुरः- ने.रु.५००/- (पाँच सय मात्र)**
४. **छनौटको किसिमः- फिल्ड सहायकको हकमा संक्षिप्त सूचि तथा अन्तरवार्ता र सूचना तथा परामर्शकर्ताको हकमा लिखित तथा अन्तरवार्ता**
५. **आवश्यक कागजातः**
-नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-शैक्षिक योग्यताको प्रमाणपत्र
-अनुभव खुल्ने कागजात
-२ प्रति पासपोर्ट अकारको फोटो

**प्रमुख प्रशासकीय अधिकृत**

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com